# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७९।१२।१९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र गलत लिखत सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।१२।१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

## देहायः

| क्र सं. | प्रतिवादी | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १ | कदिरबाबु देवान (वि.अ. को मु.नं. ०७६-CR-०१२७, वि.अ. को फैसला मिति २०७९।९।१२) | **रकम हिनामिना गरी भ्रष्टाचार** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुरमा निजलाई रू.१२,५६,२७५/- (अक्षरूपी वाह लाख छपन्न हजार दुई सय पचहत्तर रूपैया मात्र) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएवमोजिम सोही ऐनको दफा ३(१) र दफा ३ को उपदफा (१) को खण्ड (च) वमोजिम सजाय गरी हानिनोक्सानि भएको विगो रू.१२,५६,२७५/- ऐ. को दफा १७ बमोजिम निज प्रतिवादी कदिरवावु देवानबाट असुलउपर हुन। | <u>**फैसलाः**</u> सफाई।<br><u>**आधार**</u><br>अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।८।१९ को निर्णयानुसार प्रतिवादी कदिरबाबु देवानबाट रू २,०५,८७२।– सम्बन्धित गा.वि.स. को खातामा जम्मा गरेकोले प्रतिवादीले आरोपपत्र दायर हुनुअगावै रकम बुझाइसकेको देखिँदा सरकारी रकम हानिनोक्सानी भएको नदेखिने। | क. प्रस्तुत मुद्दाको फैसला गर्दा विशेष अदालत, काठमाडौंबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६९।८।१९ को निर्णयबाट प्रतिवादी कदीरबाबु देवानउपर छानबिन समिति गठन गर्दा छानबिन प्रतिवेदनबाट असुलउपर गर्नू भन्ने ठहरेको रकम र सोको १०% ब्याज जोडी हुन आउने रकम रु २,०५,८७२।– गा.वि.स.को खातामा जम्मा भइसकेकोले थप अनुसन्धान गर्नु नपर्ने भनी निर्णय भएकोमा पुन: निजउपर अनुसन्धान भई अभियोजन गरिएको हुँदा प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ भन्ने फैसला भएको अवस्था देखिन्छ। यस सम्बन्धमा हेर्दा आयोगबाट मिति २०६९।८।१९ मा प्रतिवादी कदीरबाबु देवानउपर मुद्दा नचलाउने निर्णय गरिएको विषय आ.व. ०६६।०६७ को गो.भौ.नं. ८, मिति ०६६।७।२४, विषय- सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमिततालगायतका गो.भौ.नं. १५, मिति ०६६।११।१२, गो.भौ.नं. २५, मिति ०६७।३।३०, गो.भौ.नं. ६, मिति ०६७।७।१३, गो.भौ.नं. १६, मिति ०६६।११।३, गो.भौ.नं. २८, मिति ०६८।३।१५ विषयमा छानबिन भई त्यसवापत निजले तिर्नु बुझाउनुपर्ने देखिएको रु १,८६,०१९।–को ब्याजसहित रु २,०५,८७२।- बैङ्कमा जम्मा गरिसकेको हुँदा मुद्दा नचलाइएको विषय हो।<br>ख. प्रस्तुत अनुसन्धान र अभियोजन भएको मुद्दाको विषय आ.व. ०६६।०६७ र ०६७।०६८ को उल्लिखित विषयभन्दा फरक विषय हो। जि. रौतहट, साविक हथियाही गा.वि.स. का कार्यालय सहायक कदिरवावु देवानवाट खर्च लेखिएको तथा पेश्की लिई खर्च गरेको रकममध्ये **मिति २०६६/६/२० मा गो.भौ.नं. ६ वाट भ्रमण खर्च भनी निज कदिरवावु देवानले भुक्तानी लिएको रू.१०,९००/-** को सम्वन्धमा तत्काल प्रचलित भ्रमण खर्च नियमावली, २०६४ को प्रावधानअनुसार होटल विल संलग्न गर्नुपर्नेमा संलग्न नगरिएको तथा भ्रमणको प्रयोजनसमेत नखुलेको तथा भ्रमण प्रतिवेदनसमेत नभएकोले भ्रमण खर्च नियमित हो भन्न मिल्ने नदेखिएको; साथै यसरी लिएको भ्रमण खर्चमा भ्रमण प्रतिवेदन, होटल विलसमेत नभएकोले खर्चको प्रयोजनसमेत नखुलेको अवस्था छ। मिति **२०६७/१/२८ गो.भौ.नं. १७** मा चन्द्रकिशोर महतोको नाममा निवेदन राखी निज कदिरवावु देवानले आफ्नै नाममा लिएको **पेश्की रू. ३६,०००/-** मिति २०६८/३/२६ गो.भौ.नं. २८ बाट पेश्की फछ्र्यौट गरेकोमा सोको कुनै विल भरपाइसमेत संलग्न नगरेको हुँदा वास्तविक खर्च हो भनी पुष्टि हुन नसकेको र अन्य व्यक्तिको नाममा निवेदन राखी आफ्नो नाममा पेश्की लिने दूषित मनशाययुक्त कार्य भएको देखिएको र अनुसन्धानको बयानमा निजले मिति २०६७/१/२८ मा गो.भौ.नं. १७ मा पेश्की लिई रामजानकी मठ निर्माण गर्न चन्द्रकिशोर महतोको निवेदनअनुसार नगद दिएको छु, धेरै पुरानो भएको हुँदा आ.ले.प. र म.ले.प. मा के कसो हो भनी सोही आधारमा सम्पन्न भएकोजस्तो मेरो वुझाइमा देखिन्छ भनेकाले निज आफैले पेश्की लिएको, रकम दिएको भनिएको चन्द्रकिशोरको कुनै भरपाइ संलग्न नभएको र पेश गर्न नसकेको कारण खर्च पुष्टि भएको देखिदैन। मिति **२०६९/१०/२ गो.भौ.नं. ५ बाट विद्युतीकरण पेश्की भनी निज कदिरवावु देवानले आफ्नै नाममा रू.३,००,०००/- पेश्की** लिई छ महिनासम्म प्रयोग गरी मिति २०७०/३/२४ गो.भौ.नं. ३९ साथ बैङ्क दाखिल गरिएको रू.२,००,०००/- वाट पेश्की फछ्र्यौट गरी वाँकी रू.१,००,०००/- का सम्बन्धमा अनुसन्धानको बयानमा सम्झना भएन भनी उल्लेख गरेवाट वाँकी पेश्की रकम बुझाएको खुलेको देखिदैन। तसर्थ निज प्रतिवादी कदिरबाबु देवानले माथि उल्लिखित गो.भौ.नं. ६ बाट लिएको रु १०,९००।– पुष्टि नहुने भ्रमण खर्च लेखेको, गो.भौ.नं. १७ बाट लिएको रु ३६,०००।– सम्बन्धित कागजात वेगर नै पेश्की फछ्र्यौट गरेको र गो.भौ.नं. ५ बाट पेश्की लिएको रु ३,००,०००।- मध्ये रु १,००,०००।- पेश्की फछ्र्यौट नगरी रु १,४६,९००।– गैरकानूनी रूपमा हिनामिना गरेको अवस्था छ।<br>ग. त्यसैगरी मिति २०६६/९/२१ गो.भौ.नं. ४ वाट सडक मर्मत भनी रू. २२,०००/-, र २०६७/३/३१ गो.भौ.नं. ४१ वाट सडक मर्मत भनी रू. १६,८७५/- र २०६७/२/२७ गो.भौ.नं. ३१ वाट सडक मर्मत भनी रू.२०,०००/- खर्च लेखिएकोमा लागत इस्टिमेट, नापी किताब, कार्यसम्पन्न प्रतिवेदनसमेतका कुनै पनि कागजातहरू संलग्न नभएको तथा निज कदिरवावु देवानको नाममा चेक तयार भएको समेत देखिँदा तत् तत् शीर्षकमा भएको खर्चको पुष्टि हुन नसकेको र चेक निज प्रतिवादी कदीरबाबु देवानको नाममा तयार भएको हुँदा वास्तविकरूपमा खर्च भएको नदेखिएको र निज कदिरवावु देवानले अनुसन्धानको बयानमा मिति २०६६/९/२१ गो.भौ.नं. ४ वाट सडक मर्मत भनी रू.२२,०००/- खर्च लेखिएकोमा गा.वि.स. हथियाहीको वार्ड नं. २, ३ र ४ मा खाल्टोखुल्टी पुर्न टेक्टरवालालाई भुक्तानी दिएको, मैले शोधभर्ना भुक्तानी दिएको भनी खुलाइदिएकोले निजले आफैले भुक्तानी लिएको तर खर्च भएको प्रमाण पेश गर्न नसकेको अवस्था छ। मिति २०६७/३/३१ गो.भौ.नं. ४१ वाट सडक मर्मत भनी रू.१६,८७५/- खर्च लेखिएकोमा मिति २०६७/३/३१ मा हथियाही गा.वि.स. को विभिन्न वडाहरूका खाल्टो विभिन्न ठाउँमा रहेको देखिएकोमा गा.वि.स. बाट भुक्तानी लिई बुझाएको ज्यालादारीहरूसँग भरपाइ गराई भुक्तानी दिएको; रू.२५,०००/- भन्दा कम रकम भुक्तानी |

गएको हुँदा कार्यसम्पन्न लागत इष्टिमेट नरहेको हुनसक्छ होला भनी खुलाइदिए पनि विल, भरपाइ केही दाखिल गर्न नसकी खर्चको पुष्ट्याइँ हुनसक्ने नदेखिएको अवस्था विद्यमान छ। मिति २०६७/२/२७ गो.भौ.नं. ३१ वाट सडक मर्मत भनी रू.२०,०००/- खर्च लेखिएको सम्वन्धमा कङ्काली टोल सडक मर्मत कार्यको लागि मैले भुक्तानी लिई कामदारलाई भुक्तानी गरेको भनी लेखिदिए पनि विल भरपाइ दाखिल नै नगरेकोले खर्चको वास्तविक पुष्ट्याइँ दिन नसकेको अवस्था विद्यमान छ। मिति २०६७/११/२७ गो.भौ.नं. ८ वाट निज कदिरवावु देवानले लिएको पेश्की रू. २,५०,०००/- विद्युतीकरण प्रयोजनको लागि लिएको भनी उल्लेख गरेको र मिति २०६७/१२/४ गो.भौ.नं. १२ वाट पेश्की फछर्यौट गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न भए पनि विद्युतीय सामग्रीहरूको प्रयोग भएको उल्लेख भएकोमा यस्ता विद्युतीय सामग्रीको विल भरपाइ संलग्न नै नगरेको देखिँदा वास्तविक खर्च भएको पुष्टि हुन नसकेकोमा बयानको क्रममा मिति २०६७/११/२७ गो.भौ.नं. ८ सम्वन्धमा मैले मिति २०६७/११/२७ मा विद्युतीकरण गर्न लिएको रू.२,५०,०००/- को काम सम्पन्न गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदनअनुसार पेश्की फछर्यौट गरेकोमा विल पनि राखिदिनुपर्ने थियो भनी उल्लेख गरेकोले विल भरपाइ विनाको खर्च पुष्टि हुन सक्ने नदेखिएको अवस्था छ। तसर्थ निज कदिरवावु देवानले २०६६/९/२१ गो.भौ.नं. ४ वाट सडक मर्मत भनी खर्च लेखेको रू.२२,०००/-, मिति २०६७/३/३१ गो.भौ.नं. ४१ वाट सडक मर्मत खर्च लेखेको रू.१६,८७५/-, मिति २०६७/२/२७ गो.भौ.नं. ३१ वाट सडक मर्मत खर्च लेखेको रू.२०,०००/-, मिति २०६७/११/२७ गो.भौ.नं. ८ वाट विद्युतीकरणको लागि लिएको भनी पेश्की लिई मिति २०६७/१२/४ गो.भौ.नं. १२ वाट पेश्की विनाबिल भरपाइ फछर्यौट रू.२,५०,०००/- गरी जम्मा **रू.३,०८,८७५/- वरावरको रकम पूँजीगत खर्च जथाभावी खर्च लेखी बदनियतपूर्वक हिनामिना गरेको पुष्टि भइरहेको छ।**

घ. यसरी नै निज प्रतिवादी कदिरबाबु देवानले आ.व. २०६६/६७ र ६७/६८ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निसुमिया धोवीसहितको सामाजिक सुरक्षा भत्ता वुझिलिएको भरपाईमा निज कदिरवावु देवानको र अन्य एकै व्यक्तिको औंठाछापसँग मिलेको भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७१/१२/२ च.नं. १७५९ बाट लेखी प्राप्त भएकोसमेत देखिएकोमा निज कदिरवावु देवानले सामाजिक सुरक्षा भत्ता सम्वन्धमा गा.वि.स. हथियाहीमा आ.व. २०६६/६७ र २०६७/०६८ मा अरू कुनै कर्मचारी थिएन र आफू नै पेश्की लिई वितरण गरी समयमा आ.ले.प. र म.ले.प. समेत गराएको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको वेला सम्वन्धित व्यक्तिले नै वुझेको हो, त्यस्तै भत्ता वुझ्ने कुनै व्यक्ति वाहिर गएको खण्डमा त्यस परिवारका व्यक्तिलाई वुझाउने गर्छौं, त्यस्तै कुनै अपाङ्गको सामाजिक सुरक्षा भत्ता वुझ्ने व्यक्तिहरूको नाउँमा उनको घर परिवारको व्यक्तिवाट सहीछाप गराई भत्ता भुक्तानी गरेको, आफ्नो औंठाको सहीछाप नगरेको; बुझिएका मानिसहरूले सामाजिक सुरक्षा भत्ता नवुझेको, व्यक्ति जीवित नरहेको भन्ने कागज गरिदिएको सम्वन्धमा के कसरी भनेको हो भन्ने थाहा भएन, धेरै पुरानो भएको हुँदा यकिन नरहेको भनी खुलाए पनि निज स्वयम्को औंठाछाप प्रयोग हुनु र सम्वन्धित व्यक्तिहरूमध्ये मुसवा तेलिन, रामऔतार महतो, झलिया देवी, गुलाव रायको सम्वन्धमा निजहरूको आफन्तहरूले आफूले नवुझेको र निजहरूको मृत्यु भइसकेको भनी खुलाएको तथा चन्द्रकान्त झा, सुधादेवी झा, सुलमान मियाको सम्वन्धमा उक्त नाम गरेका व्यक्तिहरू सो गा.वि.स. मा नरहेको भनी स्थानीयले खुलाइदिएबाट निजले सामाजिक सुरक्षा भत्ता वापतको रू.८,००,५००/- मासी खाएको पुष्टि भइरहेको छ। तसर्थ साविक हथियाही गा.वि.स. का कार्यालय सहायक एवम् हाल कटहरिया नगरपालिका वडा नं. ८ का वडा सचिव कदिरवावु देवानले साविक हथियाही गा.वि.स. को रू.१०,९००/- वरावर भ्रमण खर्च पुष्टि नहुने भ्रमण वापत खर्च लेखी र दुईवटा मितिमा आफ्नै नाममा पेश्की लिई रू.३६,०००/- आवश्यक कागजातबिना नै पेश्की फछर्यौट गरेको, रु १,००,०००।– फछर्यौट नगरी हिनामिना हानिनोक्सानी गरेको रु ३,०८,८७५।– बराबर चालू तथा पँजीगत खर्च जथाभावी लेखी हिनामिना गरेको तथा रू.८,००,५००/- सामाजिक सुरक्षा भत्ताको रकम आफैले वुझिलिई जम्मा रू.१२,५६,२७५/- (अक्षरूपी वाह्र लाख छपन्न हजार दुई सय पचहत्तर रूपैया मात्र) सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी, दुरूपयोग गरेको पुष्टि भइरहेको देखिन्छ।

ङ. निज प्रतिवादीले अदालतमा इन्कारी बयान गरे पनि सडक मर्मत, छपाइ, दलित कार्यक्रम, खेलकूद सामग्री खरिदलगायतका शीर्षकमा लागत इष्टिमेट, बिल भरपाइ, कार्यसम्पन्न प्रतिवेदनबिना चालू तथा पूँजीगत खर्च लेखेको देखिएको, सडक मर्मतलगायतका कार्यक्रममा पेश्की लिई केही रकम फछर्यौटसमेत गरेको नदेखिएको, प्रतिवादीउपरको उजुरीसमेतका मिसिल संलग्न प्रमाण कागजातहरूबाट पदीय दायित्व र कर्तव्यच्युत भई कार्य गरेको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।

च. यसरी एकपटक कुनै एकजना व्यक्तिउपर कुनै विषयमा मुद्दा नचल्ने निर्णय भएपश्चात् सोही आ.व. हरूमा भएका अन्य विषयमा भएको सरकारी/सार्वजनिक सम्पत्तिको हानिनोक्सानी सम्बन्धी विषयमा अनुसन्धान नै नहुने अवस्था रहन्न। पहिले तामेली रहेको विषयमा पछि अन्य प्रमाण फेला परेको अवस्थामा पुन: अनुसन्धान भई अभियोजन हुन सक्नेमा पहिले अनुसन्धान नै नभएको विषयमा पछि

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुसन्धान भई अभियोजन गर्न कुनै कानूनले बाधा नपुर्‍याएको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश नै नगरी आ.व. ०६६।०६७ र आ.व. ०६७।०६८ को केही काम कारवाहीका विषयमा पहिला नै छानबिन भई मुद्दा नचलाउने निर्णय भएको भन्ने आधारमा सोही आ.व. को पहिला छानबिन नभएको विषयमा छानबिन भई मुद्दा दायर भएको अवस्थालाई पहिल नै मुद्दा नचलाउने निर्णय भएको भनी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>छ. निज प्रतिवादी विरुद्ध पहिलो उजुरी मिति २०६७।५।२४ मा परेकोमा उक्त उजुरी मिति **२०६९।८।१९ मा तामेलीमा राखिएको** र पुन: यिनै प्रतिवादी विरुद्ध उजुरी मिति २०७१।२।२५ मा परी मिति २०७६।६।१६ मा मुद्दा चलाउने निर्णय भएको देखिन्छ। पहिलो उजुरीबमोजिम प्रतिवादीले **रु.२,०५,८७२।– जम्मा गरेको** देखिएकोमा दोश्रो उजुरीमा आ व २०६६/०६७ कै खर्चसम्बन्धी उस्तै उजुरी व्यहोरा रहे पनि खर्च रकम तथा खर्च शीर्षकहरू फरकसमेत रहेको देखिन्छ। मिति २०७९।७।२८ गतेको विशेष अदालतको आदेशानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च नं २४२६७, मिति २०७९।८।१६ को पत्रबमोजिम प्रतिवादी विरुद्धको उजुरी व्यहोराका सम्बन्धमा शीर्षकगतरूपमा खर्च विवरणसमेत उल्लेख गरी पहिले तामेली राखिएको विषय र आरोपपत्र दायर भएको विषय फरकफरक विषय हो भनी पठाइएकोमा उक्त तालिकाको कुनै व्याख्या विश्लेषण नगरी केवल मिति **२०६९।८।१९ गतेको आयोगको निर्णयानुसार** प्रतिवादीले रकम बुझाइसकेकोले निजले सरकारी रकम हानिनोक्सानी नगरेको भनी सफाई दिने मनसायले प्रमाणको विश्लेषण नगरी सतही रूपमा फैसला गरिएको त्रुटिपूर्ण छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१२) मा *यस ऐनबमोजिम अनुसन्धान र तहकिकात गर्दै जाँदा सङ्कलित प्रमाणका आधारमा आरोप प्रमाणित हुन नसक्ने भएमा आयोगले तत्सम्बन्धी उजुरीलाई कारण सहितको पर्चा खडा गरी तामेलीमा राख्न सक्नेछ तर पछि कुनै नयाँ प्रमाण फेला परेमा त्यस्तो उजुरीका सम्बन्धमा पुन: अनुसन्धान र तहकिकातको कारबाही अगाडि बढाउन यस दफाले कुनै बाधा पुर्‍याएको मानिने छैन* उल्लेख रहेको तथा त्यस्तै कानूनी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ मा रहेको अवस्था छ। निज प्रतिवादी कदिरबाबु देवानउपर पुन: अर्कै विषयमा उजुरी परी अनुसन्धान हुँदा पहिला तामेली रहेको मुद्दामा अनुसन्धान नै नभएको विषय आ.व. २०६६/६७ र ०६७/६८ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने जिम्मेवार कर्मचारी कार्यालय सहायक कदिरवाबु देवानले सामाजिक सुरक्षा भत्ता बुझिलिएको भरपाईमा निज कदिरवाबु देवानको र अन्य एकै व्यक्तिको औंठाछापसँग मिलेको भनी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाकोबाट लेखी आएको लगायतका आधार प्रमाणहरूबाट अनुसन्धानको क्रममा निज प्रतिवादी कदिरबाबु देवानउपर थप प्रमाण प्रासिपश्चात् कुल बिगो रु १२,५६,२७५/- (अक्षरूपी वाहलाख छपन्नहजार दुईसय पचहत्तर) कायम गरी आरोपपत्र पेश गरिएको अवस्थामा फैसलाको प्रकरणमा प्रतिवादीबाट रु २,०५,८७२।- सम्बन्धित गाविसको खातामा जम्मा गरिसकेको भनी सफाई दिई गरिएको फैसला त्रुटिपूर्ण छ। |
| २ | केशवप्रसाद नेउपानेसमेत (वि.अ. को मु.नं. ०७६-CR-०१२७, वि.अ. को फैसला मिति २०७९।९।१२) | गैरकानूनी लिखत तयार गरी भ्रष्टाचार | **मालपोत अधिकृत केशवप्रसाद नेउपाने, मालपोत अधिकृत राजेन्द्रप्रसाद फुयाँल, नासु लक्ष्मणप्रसाद भट्टराई, खरिदार विजयभक्त श्रेष्ठ**) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ वमोजिमको कसुरमा ऐ ऐनको दफा ९, दफा ११ र दफा १२ बमोजिम सजाय हुन।<br><br>मालपोत अधिकृत अग्नि घिमिरे, नासु डिल्लीराम कोइराला र | __फैसला__<br>प्रतिवादी **केशवप्रसाद नेउपाने र राजेन्द्रप्रसाद फुयाल**लाई दफा ११ र १२ को दाबी नपुग्ने र दफा ९ बमोजिम मतियारको रूपमा १ महिना १५ दिन कैद सजाय र रू पाँचहजार जरिवाना गरिएको; प्रतिवादी **अग्नि घिमिरे, डिल्लीराम कोइराला र जयन्द्रराज खड्का**लाई दफा ११ र १२ को कसूरमा सफाइ र दफा ९ बमोजिम मतियारको रूपमा ३ महिना कैद र रू दसहजार जरिवाना; **फौदराज लिम्बु**लाई दफा ११ को कसूरमा सफाइ र दफा ८(४) को कसूरमा रू एककरोड बीसलाख जरिवाना तथा जफत नहुने; **लक्ष्मणप्रसाद भट्टराई र विजयभक्त श्रेष्ठ**लाई दफा ९, ११ र १२ बमोजिमको कसूरमा सफाइ तथा **चन्द्रप्रसाद** | झापा जिल्ला, दमक नगरपालिका-५ बस्ने टेकमाया आङहाङ (मावोहाङ) को नाममा मालपोत कार्यालय, दमकमा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको जि. झापा, दमक नगरपालिका-४, कि. नं. ४८७३ र ४८७५ को जग्गा दिने टेकमाया आङहाङ (मावोहाङ) र लिने फौदराज लिम्बु भई थैली अङ्क रू. १,२०,००,०००।- (एक करोड बीस लाख मात्र) राखी र.नं. २०९२घ मिति २०६९/११/३० को बेजिल्ले रजिष्ट्रेशनको लिखत तयार गरी सोही मितिमा पारित भएको बनाई मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंबाट मिति २०६९/११/२४ देखि मिति २०६९/११/३० सम्म पारित लिखत ठेलीमा रहेको नारायण सि. लिम्बु र चन्द्र सि. लिम्बुको मानो मिसिएको लिखत थुती उप्काई उल्लिखित गैरकानूनी बेजिल्ले लिखत घुसाएको पाइन्छ। उल्लिखित लिखतको लेखक महलमा घनश्याम पोखरेल (प्र.प.नं. ५८६) को नाम उल्लेख रहेकोमा निजको दस्तखत भने नरहेको साथै अदालतको रेकर्ड हेर्दा घनश्याम पोखरेलको नाममा उक्त नम्बरको प्रमाणपत्र जारी भएको देखिन नआएकोले बदनियतपूर्वक उक्त कार्य भएकोमा द्विविधा रहेको छैन। उक्त तथ्यमा विशेष अदालत पनि सहमतै रहेको छ।<br><br>जग्गाधनी टेकमाया आङहाङको भनिएको विवादित रजिष्ट्रेशनको लिखत मालपोत कार्यालय, डिल्लीबजारको २०६९ सालको टोकन दर्ता किताबमा मिति २०६९/११/३० मा दर्ता भएको नदेखिएको; साथै उक्त लिखत टोकन नं. ११ मा दर्ता भएको देखाइएकोमा उल्लिखित मितिमा टोकन नं. ११ मा दिने रामकृष्ण श्रेष्ठ र लिने श्रीकृष्ण लामिछाने, काभ्रेस्थली, ५ग, कि.नं. ६३०, क्षेत्रफल ०-३-०-० जग्गाको र.नं. २०९०घ मिति २०६९/११/३० को लिखत दर्ता भएको; मालपोत कार्यालय, डिल्लीबजारको २०६९ सालको रजिष्ट्रेशनको लिखत दर्ता किताबमा मिति २०६९/११/३० मा र.नं. २०७९ देखि २०८७ सम्ममात्र दर्ता भएको अभिलेख रहेको देखिएकोमा सोभन्दा पछाडिको पाना च्यातिएको अवस्थामा प्राप्त र सो विषयमा मालपोत कार्यालय, डिल्लीबजारले र.नं. २०८७घ भन्दा पछाडि दर्ता हुनुपर्ने सो दिन पारित रजिष्ट्रेशनको लिखतहरूको दर्ता अभिलेख पाना च्यातिएको भनी जवाफ दिएबाट उक्त विवादित बेजिल्ले रजिष्ट्रेशनको लिखत सो मितिमा टोकन लागेर पारित भई कानूनबमोजिम दर्ता भएको देखिदैन। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नासु जयन्द्रराज खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १२ वमोजिमको कसूरमा ऐ ऐनको दफा ९, दफा ११ र दफा १२ वमोजिम सजाय हुन।<br><br>**फौदराज लिम्बु**लाई उल्लिखित गैह्रकानूनी लिखतमा रहेको थैली अङ्क रू.१,२०,००,०००।- (एककरोड बीसलाखमात्र) बिगो कायम गरी ऐ ऐनको दफा ८(४) र दफा ११ वमोजिम सजाय हुन।<br><br>**चन्द्रप्रसाद खनाल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र दफा ११ वमोजिमको कसूरमा उल्लिखित गैह्रकानूनी लिखतमा रहेको थैली अङ्क रू. १,२०,००,०००।- (एककरोड बीसलाखमात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र दफा ११ वमोजिम सजाय हुन। | **खनाल**लाई दफा ११ र ८(४) को कसूरमा सफाई।<br>**आधार**<br>**क. केशवप्रसाद नेउपाने, राजेन्द्रप्रसाद फुयाँल**<br>नारायणसिं लिम्बू र चन्द्रसिं लिम्बूको सोही दिन पारित मानो मिसिएको लिखत थुती उप्काई उल्लिखित बेजिल्ले गैरकानुनी लिखतको एकप्रति घुसाएको भन्नेसमेतको आरोपदाबी भए पनि उक्त मिति २०६९/११/३० को र.नं. ०२०९२(घ) को लिखत पारित भएको साढे तीन वर्ष पछिमात्र यी प्रतिवादी मालपोत कार्यालय डिल्लीबजारमा हाजिर भएको देखिँदा मिति २०६९/११/३० को र.नं. २०९२०(घ) को बेजिल्ले राजिनामा लिखत पारित गराउने, रजिस्ट्रेशन दस्तुर तिरेको तथा पूँजीगत लाभकर तिरेको नक्कली रसीद बनाउने तथा मानो मिसिएको लिखत थुती प्रस्तुत विवादित लिखत घुसाउने कार्यमा निज प्रतिवादीको संलग्नता रहेछ भन्न नमिल्ने।<br><br>राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट परीक्षण गर्दा मालपोत कार्यालय डिल्लीबजारबाट र.नं. २०९२घ बाट मिति २०६९/११/३० गते पारित राजिनामा लिखतमा रहेको सहीछाप सोही समयमा कार्यरत कर्मचारीहरू परशुराम अधिकारी, भूमिराज थापा, रोशन गिरी, यज्ञप्रसाद आचार्यको हाजिर कपीमा रहेको सहीछापसँग मिल्छ भनी लेखी आएको परिप्रेक्ष्यमा उक्त विवादित लिखत यी प्रतिवादीसमेतले तयार गरेको भन्ने भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ बमोजिम लगाइएको आरोषदावी खण्डित हुन पुगेको।<br>बादी नेपाल सरकार प्रतिवादी केशवप्रसाद नेउपानेसमेत गएको लिखतसम्बन्धी कसुर तथा सङ्गठित अपराध (०७६-८१-०२८५) मुद्दामा पनि कीर्ते लिखत तयार | मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६९/११/३० को राजश्व आम्दानीको दैनिक नगद प्राप्ति खाता र राजश्व चलानी दैनिक फाराममा समेत उक्त बेजिल्ले लिखतको पूँजीगत लाभकर र बेजिल्ले रजिष्ट्रेशन दस्तुर दाखिल भएको नदेखिएको तर नारायण सि. लिम्बु र चन्द्र सि. लिम्बुको र.नं. २०९२घ मिति २०६९/११/३० को मानो मिसिएको लिखत टोकन नं. १४ मा दर्ता भई लिखत पारित बापतको राजश्व रू. ५,०००।- भने दाखिल भएको देखिन्छ।उल्लिखित र.नं. २०९२घ को पूँजीगत लाभकर र बेजिल्ले रजिष्ट्रेशन दस्तुर क्रमशः रसिद नं. १५८९६ बाट रू. ४,८५,०००/- र रसिद नं. १८१६७ बाट रू. २४,००,०००/- गरी जम्मा रू. २८,८५,०००/- राजश्व बुझेको रसिद उक्त लिखतसँग संलग्न भएको देखिएकोमा उक्त दुवै रसिदमा उल्लिखित राजश्व रकम कार्यालयमा दाखिल भएको अवस्था नरहेको साथै पारित र.नं. २०९१घ को राजश्व काटेको रसिद नं. १८०६२ र र.नं. २०९३घ को रसिद नं. १८०६४ रहेकोमा सोही दिनको सोही फाँटको र.नं. २०९२घ को रसिदको नम्बरको क्रम संख्यामा ठूलो अन्तर परी रसिद नं. १८१६७ र १५८९६ रहेको देखिन्छ।<br><br>मालपोत कार्यालय डिल्लीबजारका राजश्व रसिद काट्ने जिम्मा लिएका तत्कालीन समयमा सो कार्यालयमा कार्यरत नासु यज्ञप्रसाद आचार्यले आफ्नो जिम्मामा लिएका रसिदहरूमध्ये नं. १५८९६ को रसिद मिति २०६९/१०/२४ मा ऋणी भद्रकुमारी घले र धनी हरिमाया घले भई पारित र.नं. १८२५घ को लिखतमा प्रयोग भैसकेको देखिएकोमा सोही नम्बरको रसिद सोही कार्यालयबाट टेकमाया आङहाङ (मावोहाङ) ले पूँजीगत लाभ कर तिरेको भनी देखाएको फौदराज लिम्बुले बेजिल्ले राजश्व तिरेको भनिएको रसिद नं. १८१६७ मिति २०६९/१२/७ मा लिने सुस्मा तामाङ र दिने शान्ति तामाङ भई सोही कार्यालयबाट पारित र.नं. २१४६घ मा प्रयोग भएको देखिएकोले फौदराज लिम्बुको नाममा पारित भनिएको लिखतसाथ रहेका राजश्व रसिदहरू समेत नक्कली रहेको पाइन्छ।जुन कार्य राष्ट्रसेवक कर्मचारीहरूको मिलेमतोबिना सम्भव नै नहुने स्पष्ट छ।<br><br>टेकमाया आङहाङको नाममा रहेको उल्लिखित कि.न. ४८७३ र ४८७५ जग्गाको १०११४८१ नम्बरको जग्गाधनी दर्ता प्रमाण पूर्जा रहेकोमा निजकै नामको १४६२१६ नम्बरको नक्कली जग्गाधनी दर्ता प्रमाण पूर्जा बनाई सोको फोटोकपी मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंबाट र.नं. २०९२घ, मिति २०६९/११/३० मा पारित भनिएको उक्त लिखतसाथ सोही कार्यालयबाट मिति २०६९/११/२० देखि मिति २०६९/११/३० सम्म पारित लिखत बाइण्डिङ ठेलीमा घुसाएको; अवस्था देखिन्छ।उल्लिखित सरकारी छाप, दस्तखत कीर्ते गरी बनाइएको गैह्रकानूनी र.नं. २०९२घ मिति २०६९/११/३० को भनिएको बेजिल्ले रजिष्ट्रेशनको लिखत कसैको मागबिना नै लिखत पारित भएको भनिएको ५ वर्षपछि एकाएक मालपोत कार्यालय, डिल्लीबजारबाट पारित भनी मालपोत अधिकृत केशवप्रसाद नेउपाने र नायब सुब्बा लक्ष्मणप्रसाद भट्टराईले दस्तखत गरी च.नं. ५३४३, मिति २०७४/११/२५ को पत्रसाथ मालपोत कार्यालय दमकमा पठाएको देखिएको; पाँच वर्ष अगाडिको मितिमा पारित भएको भनिएको लिखत पाँच वर्ष पछाडि कसले के कस्तो निवेदन दिएर वा के कुन कारणबाट मालपोत कार्यालय दमक पठाइएको हो भन्ने तथ्यगत आधार मालपोत अधिकृत केशवप्रसाद नेउपाने र नासु लक्ष्मणप्रसाद भट्टराईले खुलाउन नसकेको अवस्थामा लिखत पारित भएको भनी लिखतमा मिति उल्लेख भएको समयमा यी प्रतिवादीहरू उक्त कार्यालयमा कार्यरत नरहेको भन्ने आधारमा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र १२ को कसूरबाट सफाइ दिई दफा ९ को कसूरको मतियारमात्र ठहर गरी भएको फैसला समग्र आधार र प्रमाणको विश्लेषण नै नगरी भएको हुँदा त्रुटिपूर्ण छ।<br>तत्कालीन मुलुकी ऐन, रजिष्ट्रेशनको २८ नं. बमोजिम लिखत रजिष्ट्रेशन गराई माग्न आएमा बेइलाकाको भए पनि पारित गरिदिनुपर्ने व्यवस्था रहेकोमा आर्थिक ऐन २०७२/७३ देखि अंशवण्डा र अंशभर्पाइ बाहेकका अन्य लिखतहरू बेइलाकाबाट पास गर्ने व्यवस्था रोकिएको, बेजिल्ले पास भएपछि पारित भएको लिखत कम्तीमा भोलिपल्ट सम्वन्धित जिल्लामा हुलाकमार्फत लिखत पठाउनुपर्ने जग्गा प्रशासन कार्यविधि, २०६० को भाग १ को दफा ८.२ मा ब्यवस्था गरेको, अन्यत्र रहेको श्रेस्ता दाखिल खारेज गर्नुपर्ने भए लिखत पारित गराई लिने मानिसलाई फलाना ठाउँमा ३५ दिनभित्र दाखिल खारेज गराउन जानू भनी सुनाइदिई सो दाखिला खारेज गर्ने ठाउँमा पनि फलानाको यति घर वा जग्गा फलानाका नाउँमा दाखिल खारेज गरिदिनू भनी ७ दिनभित्र लेखी पठाउनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको छ।पाँच वर्षअघि पारित भनिएको लिखत कार्यालयमा भेटिएको थियो भने पनि यतिका समयसम्म कहाँ र कसको जिम्मामा थियो?टोकन दर्ता किताब र लिखत दर्ता किताबमा दर्ता छ/छैन?लिखत पारित हुँदाका बखत लिनुपर्ने कर/दस्तुर लिइएको छ/छैन?उक्त कर/दस्तुर कार्यालयमा दाखिल भएको छ/छैन?लेखकको दस्तखत छ/छैन?लिखत पूर्ण छ/छैन?लिखत वास्तविकरूपमा पारित भएको लिखत हो होइन?भन्ने विषयमा छानबिन गरी लिखत दा.खा. गरी लिनुपर्ने व्यक्तिलाई बुझी निजको निवेदनसमेत लिई मात्र मालपोत कार्यालय, दमकमा पठाउनुपर्नेमा उल्लिखित व्यवस्था र तथ्य अनदेखा गरी अचानक पाँच वर्षअघि पारित भनी उल्लिखित एकप्रति सक्कलै लिखत मालपोत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरी पारित गर्ने गराउने वारदात मिति २०६९/११/३० मा भएको देखिएको भनी काठमाडौं जिल्ला अदालतबाट बोली सकिएको अवस्थामा प्रस्तुत मुद्दाको वारदात मिति पनि २०६९/११/३० हुने देखिँदा **वारदात मितिमा मालपोत कार्यालय डिल्लीबजारमा हाजिर नभएको कर्मचारीलाई उक्त लिखत निजले तयार गरेको हो भन्ने आरोपदावी तथ्ययुक्त देखिन आएन।** मिति २०६९/११/३० को र.नं. २०९२घ को गैरकानूनी बेजिल्ले लिखत तयार गर्ने, नक्कली रसिद खडा गर्ने, एउटा लिखत थुती प्रस्तुत लिखत घुसाउने तथा सरकारी कागजात नोक्सान गरेको भन्ने दफा १२ को आरोपदाबी नपुग्ने।<br><br>जग्गा प्रशासन कार्यविधि, २०५८ को दफा ८(२) ले “बेइलाकाको लिखत पारित गर्दा थप एकप्रति लिखत आवश्यक पर्छ। प्रतिवादीको कार्यबाट वदनियत परीक्षण हुने सर्वोच्च अदालतको व्याख्याबमोजिम पारित भएको कम्तीमा भोलिपल्ट सम्बन्धित जिल्लामा हुलाकमार्फत लिखत पठाउनुपर्छ, लिखत पठाउने कार्य रजिष्ट्रेशन फाँटको खरिदार र ना.सु. ले गर्नुपर्छ” भन्ने कानूनी व्यवस्था गरेकोमा यी प्रतिवादीले मिति २०७४/११/२५ मा च.नं. ५३४३ बाट उक्त विवादित गैरकानूनी वेजिल्ले लिखत मालपोत कार्यालय दमक झापामा विनाकारण, विना निवेदन मागदावी लिखत पारित भएको ५ वर्षपछि पठाई सहप्रतिवादी फैदराज लिम्बूको दाखिल खारेज दर्ता कार्यमा सहयोग पुर्‍याएको तथा मालपोत कार्यालय दमकका कार्मचारीहरूसँगको मिलेमतोमा टेकमाया आङहाङको जग्गा प्रतिवादी फैदराज लिम्बूको नाममा गैरकानुनीरूपमा दर्ता हुन गएबाट यी प्रतिवादीले पत्रसाथ लिखत पठाएको कार्य स्वाभाविक दैनिक कार्यसम्पादनको कार्य नभइ सह- | कार्यालय दमक, झापा पठाई मालपोत कार्यालय, डिल्लीबजारका निमित्त प्रमुख मालपोत अधिकृत केशवप्रसाद नेउपाने र नासु लक्ष्मणप्रसाद भट्टराईले उक्त गैहकानूनी लिखतलाई आधिकारिकता प्रदान गरेको स्पष्ट देखिइरहेको अवस्थामा आरोपदाबीको प्राय: सबैजसोबाट सफाइ दिई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण एवम् बदरभागी रहेको छ।<br><br>मालपोत कार्यालय, डिल्लीबजारको च.नं. ५३४३ मिति २०७४/११/२५ को पत्रसाथ उक्त गैहकानूनी लिखत मालपोत कार्यालय, दमकमा प्राप्त भएपछि प्रमुख मालपोत अधिकृत देवीबहादुर भण्डारीबाट श्री मुद्दा/तामेली शाखा भनी सम्बोधन गरी लिखत पारित भएको लामो समयपछि यो पत्र र लिखत प्राप्त भएको, मालपोत कार्यालय काठमाडौंले महत्वपूर्ण सरकारी कागजात रजिष्ट्री नगरी सामान्य खामबन्दी गरी पठाएको, यी कित्ता जग्गा यस कार्यालयमा दूषित रजिष्ट्रेशन गर्ने मनसाय भई लामो समयसम्म चलखेल भइरहेको, जसले गर्दा श्रेस्तामा रातो मसीले केही सूचनाजस्तो कैफियतसमेत रहेको, टेकमाया आङहाङ सम्वन्धी श्री जिल्ला प्रशासन कार्यालय, झापामा थप सूचना माग गर्नुपर्ने, आन्तरीक राजश्व कार्यालय, काठमाडौं, मालपोत कार्यालय, काठमाडौं, दमक नगरपालिकाबाट सर्जमिन मुचुल्कालगायतका सम्वन्धित निकायसँग प्रमाण आधार लिई थप कारवाही गर्ने भनी मिति २०७४/११/२७ मा स्पष्ट तोक/आदेश गरेको देखिन्छ। मिति २०७४/११/२८ मा उक्त र.नं. २०९२घ को सक्कल लिखत खुल्ला खाम-१ र सो पत्रमा श्री मुद्दा शाखा/तामेली शाखा भनी व्यहोरा खोली तोक लागी द.नं. ९८६९ मिति २०७४।११।२८ मा दर्ता भै मुद्दा फाँटमा प्राप्त लिखतको सम्वन्धमा तोकादेशानुसार पत्राचार हुनुपर्ने देखिँदा र सो सक्कल लिखत, पत्र, खाम तामेलीमा राखी सोको नक्कल मुद्दा फाँटमा राखी कारवाही अघि बढाउन उपयुक्त देखी सक्कल प्रति तामेलीमा बुझाउन बुझ्न उपयुक्त देखी पेश गरेको छु भनी नासु डिल्लीराम कोइरालाले टिप्पणी उठाई कार्यालय प्रमुखसमक्ष पेश हुँदा, “हुन्छ” भनी सदर गरेको देखिएको अवस्था छ। यसरी मालपोत कार्यालय, डिल्लीबजारबाट पत्रसाथ प्राप्त राजिनामा लिखत प्राप्त हुँदाकै अवस्थामा यसमा ठूलो गडबडी छ। पहिले नै पनि यी जग्गाको लिखत पारित गर्न चलखेल भएको थियो। श्रेस्तामा समेत रातो मसीले केही सूचना लेखिएको छ भन्ने स्पष्ट जानकारी एवम् कार्यालय प्रमुखको तोकआदेश हुँदाहुँदै मिति २०७४/११/२७ को तोक/आदेश र मिति २०७४/११/२८ को सदर टिप्पणीबमोजिम तुरुन्त कारवाही अगाडि बढाउनुपर्नेमा प्रतिवादी फौदराज लिम्बुसमेतसँग विभिन्न साँठगाँठ गरी दुई महिना बिताई मिति २०७५/१/२६ मा मात्र मालपोत कार्यालय, डिल्लीबजारमा सो सम्वन्धमा खुलाई पठाइदिने भनी उक्त तोकादेश देखिने गरी उक्त पत्रको फोटोकपीसहित च. नं. १०४६५ बाट ५ बुँदे पत्र पठाएको देखिन्छ। मालपोत कार्यालय, दमकको ५ बुँदे पत्रबाट माग भएको विषयमा कुनै तथ्य नखुलाई छानबिन/विश्लेषण नै नगरी पदीय जिम्मेवारीबाट बिमुख भई केवल र.नं. २०९२घ, मिति २०६९/११/३० को बेजिल्ले रजिष्ट्रेशनको लिखत यस कार्यालयबाट पारित भएको भनी उक्त लिखत र सोसँग सम्वन्धित कागजातहरूको फोटोकपी प्रमाणित गरी च.नं. ७३८५, मिति २०७५/१/२८ को पत्रसाथ मालपोत कार्यालय, दमकमा पठाई लेखकको दस्तखतसमेत नरहेको गैहकानूनी लिखत मालपोत कार्यालय, डिल्लीबजारका खरिदार विजयभक्त श्रेष्ठ र मालपोत अधिकृत राजेन्द्रप्रसाद फुँयालसमेतले उक्त गैरकानूनी लिखतलाई आधिकारिकता प्रदान गरेकोले उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता प्रत्यक्ष र स्पष्टरूपमा पुष्टि भइरहेकोमा प्रतिवादी विजयभक्त श्रेष्ठलाई पुच्छे सही गर्ने तल्लो तहको कर्मचारी भनी पूर्णरूपमा सफाइ दिई प्रतिवादी राजेन्द्रप्रसाद फुयाँललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र १२ को कसूरबाट सफाइ दिई ऐ ऐनको दफा ९ को कसूरमा मतियारमात्र ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ।<br><br>मिति २०७४/११/२७ को कार्यालय प्रमुखको तोक/आदेश र मिति २०७४/११/२८ को सदर टिप्पणी बमोजिमको सम्पूर्ण काम करबाही नगरी उक्त जग्गा दूषित मनसायले दाखिल खारेज हुन लागेको प्रर्याप्त आधार प्रमाण हुँदाहुँदै केवल मालपोत कार्यालय, डिल्लीबजारको खुलाई पठाइएको भन्ने विषयको पत्रमा केही नखुलेको, कागजातको प्रतिलिपीमात्र प्रमाणित गरी पठाएको पत्रको भरमा मालपोत कार्यालय, दमकमा उक्त जग्गा दाखिल खारेज गर्ने मालपोत अधिकृत अग्नि घिमिरे र नासु डिल्लीराम कोइरालासमेत मालपोत कार्यालय, डिल्लीबजार आई सो कार्यालयबाट उक्त र. नं. २०९२घ को लिखत लगायतका कागजातहरू मालपोत कार्यालय, दमक गए/नगएको मात्र बुझी आन्तरिक राजश्व कार्यालय लगायतका निकायमा नबुझी मालपोत कार्यालय, दमकमा गई मोठ फाँटबाट मोठ कायम छ, रोक्का छैन भनी श्रेस्तामा रहेको कैफियत व्यहोरा (**सम्वन्धित व्यक्ति आएपछिमात्र मोठ भिडाउने भनी श्रेस्तामा उल्लेख भएको अवस्था**) स्पष्ट खुलाई पेश हुँदाहुँदै पनि नासु डिल्लीराम कोइराला र जयन्द्रराज खड्काबाट टिप्पणी पेश भई मालपोत अधिकृत अग्नि घिमिरेबाट मिति २०७५/४/१४ मा उक्त जग्गा दाखिल खारेजको टिप्पणी सदर गरी फौदराज लिम्बुको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा बनाई फौदराज लिम्बुलाई उपलब्ध गराएको देखिन्छ।<br><br>मालपोत कार्यालय, डिल्लीबजारबाट उक्त र.नं. २०९२घ को लिखत पारित भएको भनी पठाईएको च. नं. ५३४३ मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीहरूसँगको मिलेमतो र सहकार्यको उपज भई बदनियत राखी फैदराज लिम्बू र आफूलाई आर्थिक लाभ र फाइदा पुग्ने गरी गैकानूनी कार्य गरेको देखिएबाट यी प्रतिवादीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को मतियारको कार्य भएको देखिन्छ।<br><br>निज प्रतिवादी राजेन्द्रप्रसाद फुयाँलको अस्पष्ट र गोलमटोल जवाफका कारण मालपोत कार्यालय दमक झापाले सह-प्रतिवादी फैदराज लिम्बूको नाममा गैरकानूनीरूपमा दाखिल खारेज गरी गैरकानूनीरूपमा जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरेको, सो कार्यमा निज प्रतिवादीको सो अस्पष्ट पत्रले सहयोग पुर्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को मतियारको भूमिका निर्वाह गरेको देखिएको।<br><br>ख. <u>अग्नि घिमिरे, डिल्लीराम कोइराला र जयन्द्रराज खड्का</u><br>इलाका प्रहरी कार्यालय अनारमनीको पत्रसमेतबाट कि.नं. ४८७३ र ४८७५ को जग्गामा केही गडबडी छ भन्ने जान्दाजान्दै, आफ्नै प्रमुख मालपोत अधिकृतले यी कित्ताजग्गाहरू यस कार्यालयमा दूषित रजिष्ट्रेशन गर्ने मनसाय भइ लामो समयसम्म चलखेल भैरहेको भनी स्पष्ट तोकआदेश गरेको व्यहोरालाई समेत नजरअन्दाज गरी सह-प्रतिवादी फैदराज लिम्बूसँग मिलेमतो गरी मालपोत कार्यालय डिल्लीवजारमा गैरकानूनीरूपमा पारित भएको लिखत हो भन्ने जान्दाजान्दै, बुझ्नपर्ने व्यक्ति बुझ्दै नबुझी गैरकानूनीरूपमा आर्थिक लाभ लिने बदनियतपूर्ण मनसाय यी प्रतिवादीहरूमा रहे भएको देखिएको; प्रतिवादीहरूमध्ये डिल्लीराम कोइराला र जयन्द्रराज खड्काले टिप्पणी उठाई प्रतिवादी अग्नि घिमिरेले टिप्पणी सदर गरी टेकमाया आङहाङको जग्गा सहप्रतिबादी फैदराज | २०७४/११/२५ को पत्रमा मालपोत अधिकृत केशवप्रसाद नेउपाने र नायब सुब्बा लक्ष्मणप्रसाद भट्टराईको दस्तखत रहेको देखिएकोमा केशवप्रसाद नेउपानेले अनुसन्धानका क्रममा उक्त पत्रमा भएको दस्तखत आफ्नो हो भनी स्वीकार गरेको; उक्त पत्र कार्यालय प्रमुखले लेखापढीलाई लेख्न लगाएको र मलाई पुच्छरमा सही गरी दिनुस् भनेर भनेकाले कागज नहेरी हुलमुलमा हाकिम साहवले भनेर गरेको हुँ भनी नासु लक्ष्मणप्रसाद भट्टराईले अनुसन्धानको बयानमा स्वीकार गरेको; फाँटवाला कर्मचारी लक्ष्मणप्रसाद भट्टराईको सही हुँदा ठीकै नै रहेछ भनी मैले हस्ताक्षर गरेको हुँ भनी मालपोत अधिकृत केशवप्रसाद नेउपानेले बयान गरेको पाइन् र त्यसैगरी सो लिखतको सम्वन्धमा लेखापढी व्यवसायी चन्द्रप्रसाद खनाललाई सोध्दा ना.सु. लक्ष्मणप्रसाद भट्टराईलाई सही गराएर प्रमुख केशवप्रसाद नेउपानेलाई सही गराएको हो र सो कुरा निज चन्द्रप्रसाद खनालले अनुसन्धानका क्रममा आफैं पनि बताएका हुन् भनी मालपोत अधिकृत पुरूषोत्तम भण्डारीले सोधपुछ कागजमा उल्लेख गरेकोसमेत पाइन्छ। उल्लिखित अवस्थाबाट यति संवेदनशील विषयको एउटा मालपोत कार्यालयले अर्को मालपोत कार्यालयलाई दिने जवाफ लेखापढीले लेख्ने र हातहातै नासु तथा मालपोत अधिकृतको सहीछाप गराउने र जवाफ पठाउने गरेको अवस्थाले मालपोत कार्यालय, डिल्लीबजारका नासु, मालपोत अधिकृतहरू राज्यका तर्फबाट प्रदान गरिएको सेवाप्रति वा नागरिकको सम्पत्तिको सुरक्षा गर्ने आफ्नो जिम्मेवारीप्रतिको जवाफदेही वहन गर्छन् वा मालपोत कार्यालयमा एउटाको जग्गा अर्कै व्यक्तिले राजीनामा पास गरिदिने कीर्ते र गैरकानूनी कार्य गर्ने केही लेखापढी व्यवसायीप्रति जवाफदेही छन् भन्ने प्रश्न टड्कारोरूपमा देखिइरहेको अवस्थामा यो विषयको संवेदनशीलताप्रति प्रवेश नै नगरी यी अवस्थाहरूको व्याख्या विश्लेषण नै नगरी केही प्रतिवादीहरूलाई नाममात्रको सजाय गरी र केही प्रतिवादीहरूलाई सफाइ दिई भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको छ।<br><br>लक्ष्मणप्रसाद भट्टराईले पोलीग्राफ गर्न इन्कार गरेको इन्कारी कागज प्रमाणसमेतबाट निज लक्ष्मणप्रसाद भट्टराई उल्लिखित विवादित लिखत तयार गर्ने, ठेलीमा रहेको अर्केको लिखत झिक्ने र उक्त गैह्रकानूनी लिखत मालपोत कार्यालय, दमकमा पठाउनेलगायतका गैह्रकानूनी कार्य गरी उक्त गैह्रकानूनी लिखतलाई आधिकारिकता प्रदान गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको पुष्टि भइरहेको छ। Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पीडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको अवस्थामा प्रतिवादीहरूले मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही बयान गर्दैमा निजहरू निर्दोष रहेको भनी मान्न मिल्ने अवस्था रहँदैन।<br><br>यसरी, टेकमाया आङहाङको नाममा दर्ता श्रेस्ता कायम दमक नगरपालिका-४, कि. नं. ४८७३ र ४८७५ जग्गाको दिने टेकमाया आङहाङ (मावोहाङ) र लिने फौदराज लिम्बु भई थैली अङ्क रू. १,२०,००,०००।- राखी मालपोत कार्यालय, डिल्लीबजारमा तत्कालीन समयमा कार्यरत मोठ फाँटको कर्मचारी, सम्वन्धित रजिष्ट्रेशन फाँटको कर्मचारी, तहरिर र लिखत पारित गर्ने अधिकृतसमेतको दस्तखत कीर्ते गरी बेजिल्ले रजिष्ट्रेशनको गैह्रकानूनी लिखत बनाई रजिष्ट्रेशन नम्बरमा २०९२घ र मितिमा २०६९/११/३० राखी लिखत पारित भएको बनाउने, टेकमाया आङहाङ (मावोहाङ) को नामको नक्कली जग्गाधनी दर्ता प्रमाणपूर्जा, निजकै नामको पूँजीगत लाभकर तिरेको नक्कली रसिद, बेजिल्ले रजिष्ट्रशन दस्तुर तिरेको नक्कली रसिद बनाउनेलगायतका गैह्रकानूनी कार्य गरी मिति २०६९/११/२४ देखि मिति २०६९/११/३० सम्म "घ" रजिष्ट्रेशन फाँटबाट पारित लिखत ठेलीमा रहेको नारायण सि. लिम्बु र चन्द्र सि. लिम्बुको मानो मिसिएको लिखत थुती उप्काई, उक्त गैह्रकानूनी लिखत घुसाउने, उल्लिखित सक्कलै गैह्रकानूनी लिखत र सो लिखत लगायतका गैह्रकानूनी कागजातहरूको फोटोकपी प्रमाणित गरी मालपोत कार्यालय, डिल्लीबजारबाट मालपोत कार्यालय, दमक, झापा पठाई आधिकारिकता प्रदान गर्नेसम्मको गैह्रकानूनी कार्यमा मालपोत कार्यालय डिल्लीबजारका निमित्त प्रमुख मालपोत अधिकृत केशवप्रसाद नेउपाने, मालपोत अधिकृत राजेन्द्रप्रसाद फुयाँल, नासु लक्ष्मणप्रसाद भट्टराई र खरिदार विजयभक्त श्रेष्ठ, फौदराज लिम्बु र अधिवक्ता चन्द्रप्रसाद खनालसमेतको प्रत्यक्ष संलग्नता रहेको तथ्य विवेचित मालाकार प्रमाणबाट पुष्टि भइरहेकोमा आरोप दाबीबमोजिम सजाय नगरी भएको फैसला प्रथमदृष्टिमै त्रुटिपूर्ण र सो हदसम्म बदरयोग्य छ।<br>यसैगरी, उल्लिखित गैह्रकानूनी लिखत मालपोत कार्यालय, दमकमा प्राप्त भएपछि प्रमुख मालपोत अधिकृतबाट बेजिल्ले लिखत पारित भएको ५ वर्षपछि दूषित मनसायले रजिष्ट्री नगरी साधारण खाममा लिखत प्राप्त भएको भन्नेसमेतका विभिन्न कैफियत देखाई विभिन्न निकायमा बुझ्नुपर्ने तोक आदेश र श्रेस्तामा स्पष्ट कैफियत व्यहोरा उल्लेख हुँदाहुँदै कार्यालय प्रमुखको तोक/आदेश र श्रेस्तामा उल्लेख भएका विभिन्न कैफियतहरू अन्देखा गरी केही नबुझी सबै प्रकृयाहरू सम्पन्न नगरी उक्त जग्गा दूषित मनसायले दाखिल खारेज हुन लागेको पर्याप्त आधार प्रमाण हुँदाहुँदै उल्लिखित टेकमाया आङहाङको नामको जग्गा फौदराज लिम्बुको नाममा दाखिल खारेज गरी-गराई निजको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाउने गैह्रकानूनी कार्यमा मालपोत कार्यालय, दमकका मालपोत अधिकृत अग्नि घिमिरे, नासु डिल्लीराम कोइराला, नासु जयन्द्रराज खड्का, जग्गा दाखिल खारेज गरिलिने निज फौदराज लिम्बु र चन्द्रप्रसाद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लिम्बूको नाममा दाखिल खारेज गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाई दर्तासमेत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिने।<br><br>निज प्रतिवादीहरूउपरको दफा ११ र १२ को दाबी वादी पक्षले प्रमाणबाट पुष्टि गर्न नसकेको।<br><br>**चन्द्रप्रसाद खनाल**<br>फैदराज लिम्बू शुरुम्यादै गुजारी बसेको देखिँदा सहप्रतिवादी फैदराज लिम्बूको मिलेमतो निज प्रतिवादी चन्द्रप्रसाद खनालसँग थियो थिएन?अनुसन्धानबाट खुल्न नसकेको; अन्य सहप्रतिवादीहरूले निज प्रतिवादी चन्द्रप्रसाद खनाललाई कसुरमा पोल बयान नगरेको; प्रतिलिपी पाऊँ भनी निवेदन लेख्ने र कर्मचारीको व्यस्तता हुँदा फरम्याटमा विवरणहरू भरी पत्र चलानी गरेको आधारमा निज प्रतिवादीले अन्य सह-प्रतिवादीसँग मिलेमतो गरी बदनियतपूर्वक गैरकानूनी, नक्कली कागजात तयार गरी सरकारी कागजात सच्च्याउने कार्य गरी गैरकानूनी लाभ फाइदा लिएको बस्तुनिष्ठ प्रमाण मिसिलबाट नदेखिने।<br><br>**लक्ष्मणप्रसाद भट्टराई र विजयभक्त श्रेष्ठ**<br>प्रतिवादी लक्ष्मणप्रसाद भट्टराई र विजयभक्त श्रेष्ठ पत्रमा पुच्छ्रे सही गर्ने राजपत्र अनङ्कित श्रेणीका राष्ट्रसेवक भएका र पत्रमा सही गर्ने कार्यालय प्रमुखको कसुर ठहर भई सजायसमेत भइसकेको र निज प्रतिवादीहरूको पदीय जिम्मेवारीसमेतलाई दृष्टिगत गर्दा निजहरूउपरको आरोपदावी स्थापित र पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने।<br>**फौदराज लिम्बु**<br>निजउपरको दफा ११ को आरोपदाबी | खनालसमेतको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। अनुसन्धानको क्रममा निज प्रतिवादीहरूले आआफूले गरेको कार्यको तथ्य स्वीकार गरी आफ्नो संलग्नता प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वीकार गरिरहेको अवस्था छ।<br><br>यसरी एक व्यक्तिको नामको जग्गा निजकै नामको नक्कली जग्गाधनी दर्ता प्रमाण पूर्जा, नक्कली राजश्व रसिद, तत्कालीन समयमा कार्यरत पदाधिकारीहरूको नक्कली दस्तखत गरी अमुक व्यक्तिको नाममा नक्कली बेजिल्ले रजिष्ट्रेशन पारितको लिखत बनाई सम्वन्धित मालपोत कार्यालयमा सुरक्षितरूपमा राख्नुपर्ने जग्गाको स्वामित्वसँग सम्वन्धित महत्वपूर्ण प्रमाणको रूपमा मानिने अत्यन्त संवेदनशील लिखत ठेलीमा घुसाइएको; सोही गैरकानूनी लिखतलाई लिखत पारित भएको भनी उल्लेख भएको मितिभन्दा पाँच वर्ष पछाडि यस कार्यालयबाट पारित भएको भनी सक्कलै लिखत र सोसँग संलग्न कागजातहरूको फोटोकपी प्रमाणित गरी सम्वन्धित मालपोत कार्यालयमा दाखिल खारेजको लागि पठाई सोही गैरकानूनी लिखतको आधारमा मालपोत कार्यालयका जिम्मेवार कर्मचारीहरूले नै एक व्यक्तिको जग्गा दाखिल खारेज गरी अर्कैको नाममा हक-हस्तान्तरण गरी व्यक्तिको सम्पत्तिमाथिको अधिकार हनन भएको देखिएकोले उक्त लिखत पठाउने, सोको अधारमा दाखिल खारेज गर्ने कार्यमा उल्लिखित कर्मचारीहरूको मिलेमतोमा टेकमाया आङहाङको नामको उल्लिखित कि.नं. ४८७३ र ४८७५ को नक्कली जग्गाधनी दर्ता प्रमाण पूर्जा, नक्कली रजश्व रसिद र तत्कालीन समयमा कार्यरत पदाधिकारीहरूको नक्कली दस्तखत गरी अमुक व्यक्तिको नाममा नक्कली बेजिल्ले रजिष्ट्रेशन पारितको लिखत बनाई मालपोत कार्यालयमा रहेको लिखत ठेलीमा अनधिकृतरूपमा घुसाएको तथ्य पुष्टि भइरहेको पाइँदा प्रतिवादीहरू अग्नि घिमिरे, डिल्लीराज कोइराला, जयन्द्रराज खड्कालाई आरोपपत्र मागदाबीबमोजिम सजाय नगरी केवल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमात्र ठहर गरी गरिएको फैसला त्रुटिपूर्ण छ।<br><br>उजुरीकर्ता टेकमाया आङहाङको बकपत्रको जवाफ ६ मा उजुरी व्यहोरा सनाखत गरी जवाफ ७ मा आफूले नागरिकताको प्रमाणपत्र कसैलाई नदिएको र आफू मालपोत कार्यालयमा नगएको व्यहोरा उल्लेख गरेकोले राष्ट्रसेवक कर्मचारीहरूको मिलेमतोबिना निज उजुरकर्ताको जग्गा दाखिल खारेज हुने अवस्था नै नरहेको स्पष्ट छ।<br><br>प्रतिवादी **चन्द्रप्रकाश खनाल**ले अदालतको बयानको जवाफ १६ मा लिखत घुसाउने, निकाल्ने कार्य आफूले नगरेको भने पनि जवाफ १२ र १७ मा सेवाग्राही, लेखापढी व्यवसायी र कानून व्यवसायी आफैले दर्ता चलानी गर्ने प्रचलन रहेको भनेका छन्। यसरी निजको बयान नै विरोधाभाषपूर्ण रहेको पाइन्छ। मालपोत अधिकृत पुरुषोत्तम भण्डारीको कागज प्रतिवादी केशवप्रसाद नेउपाने र प्रतिवादी नासु लक्ष्मणप्रसाद भट्टराईको बयानबाट समेत मालपोत कार्यालय, दमकलाई लेखे पत्रको जवाफ प्रतिवादी चन्द्रप्रसाद खनालले लेखेको भन्ने खुलिरहेको अवस्थामा प्रस्तुत वारदातको मुख्य डिजाइनर र प्रस्तुत वारदात गराउने, घटित गराउने मुख्य व्यक्ति नै चन्द्रप्रसाद खनाल रहेको भन्ने देखिइरहेको अवस्थामा निज प्रतिवादी चन्द्रप्रसाद खनाललाई सफाइ दिइएको फैसला स्पष्टरूपमै त्रुटिपूर्ण छ।<br><br>प्रतिवादीहरू **लक्ष्मणप्रसाद भट्टराई र विजयभक्त श्रेष्ठ** राजपत्र अनङ्कित कर्मचारीहरू हुँदैमा सजाय नहुने भन्ने हुँदैन। साथै कार्यालय प्रमुखलाई सजाय भइसकेको अवस्थामा अन्य कर्मचारीहरूलाई सोही आधारमा सजाय नगर्दा सधैं निर्णयकर्तामात्र सजायको भागीदार भई फौजदारी न्यायको मकसद पूरा नहुने हुन्छ। अपराधको मात्राअनुसार सबैले सजाय पाउनु नै पर्ने हुन्छ। राजपत्र अनङ्कित कर्मचारीहरू भएको, पुच्छ्रे सही गर्ने कर्मचारीहरू भएको भन्ने आधारमा सफाइ दिएको पाइन्छ; जो सर्वथा त्रुटिपूर्ण छ। पत्र तयार गर्ने, पुच्छ्रे सहीछाप गर्ने कर्मचारीहरू निर्णय गर्ने, आधिकारीक सहीछाप गर्ने कार्यालय प्रमुख वा अधिकृतका आधारस्तम्भ हुन्। सम्बन्धित विषयमा के कसो भएको हो?सम्बन्धित मिसिल कागजात हेर्ने, तथ्यमा एकीन हुने, सो पश्चात्मात्र पत्र लेख्नुपर्ने दायित्व र कर्तव्य भएका कर्मचारीहरू हुन्। यी कर्मचारीहरूले बनाएको पत्र, गरेको पुच्छ्रे सहीछाप, दिएको राय प्रतिवेदनबाट कुनै अपराधको श्रृजना हुन्छ भने कसूरको मात्राअनुसार यस्ता व्यक्तिहरू समेतलाई फौजदारी दायित्वबाट अलग गर्न सकिदैन। तसर्थ प्रतिवादीहरूलाई सफाइ दिनका लागि आधार कारणबिना पुच्छ्रे सही गर्ने राजपत्र अनङ्कित कर्मचारी भनी सफाइ दिएको फैसला त्रुटिपूर्ण एवम् बदरयोग्य छ।<br><br>प्रतिवादी **अग्नि घिमिरे**ले अदालतको बयानको जवाफ ११ मा उक्त लिखत हेर्न मालपोत कार्यालय, डिल्लबीजार गएको भनेको र जवाफ १२ मा लामो समयको अन्तरालमा उक्त लिखत दमक गएकोले हेर्न गएको भने पनि उक्त लिखत सन्देहात्मक रहेकोमा निज प्रतिवादी आफै पनि विश्वस्त रहेको पाइन्छ। निजकै बयानको जवाफ १३ मा कार्यालय प्रमुखले उक्त लिखत हेरी आएकोले आफूलाई पनि हेर्नू भनेकोले हेर्न डिल्लीबजार मालपोत गएको भनी उक्त लिखत विवादास्पद रहेकोमा निजहरू विश्वस्त नै रहेको देखिएको छ। तसर्थ सन्देहात्मक लिखत भएपछि आवश्यक सतर्कता नअपनाएको कारणबाट समेत प्रतिवादीहरूले नै सरकारी कागजात सच्च्याउने र नोक्सान गर्ने, एकाको जग्गा कीर्ते लिखतका आधारमा अर्काको नाममा दाखिल खारेज गर्नेसमेतको कार्य गरेको पुष्टि भइरहेकोमा निजहरूलाई दफा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नपुग्ने। | ११ र १२ को कसूरमा सफाइ दिइएको त्रुटिपूर्ण छ। उक्त कार्यमा निज अग्नि घिमिरेसँगै अन्य सहप्रतिवादीहरू डिल्लीराम कोइराला, जयन्द्रराज खड्कासमेत उत्तिकै जिम्मेवार रहेको देखिँदादेखिँदै निजहरूलाई समेत दफा ११ र १२ को कसूरमा सफाइ दिइएको त्रुटिपूर्ण छ।<br><br>प्रतिवादी **फौदराज लिम्बु**लाई दफा ११ बमोजिमको कसूरमा काठमाडौं जिल्ला अदालतबाट लिखतसम्बन्धी कसूर तथा सङ्गठित अपराध (०७६-C१-०२८५) मुद्दामा कसूर ठहर भई सजायसमेत भइसकेको अवस्थामा कसूर ठहर गरिरहन परेन भनी गरिएको फैसला त्रुटिपूर्ण छ। भ्रष्टाचार निवारण ऐन, २०५९ विशेष ऐनको रूपमा रहेको र यो ऐनको दफा ५९ बमोजिम छुट्टै मुद्दा चलाउन सकिने अवस्था रहेको र सोहीबमोजिम कसूर ठहर गर्नुपर्नेमा सो नगरी गरिएको फैसला त्रुटिपूर्ण छ। उक्त गैरकानूनी लिखत तयार गरी प्रत्यक्ष फाइदा लिने व्यक्ति निजै प्रतिवादी रहेको अवस्थामा दफा ११ बमोजिमको आरोपदाबीबमोजिम सजाय नगरी निजलाई सो कसूरबाट सफाइ दिने गरी भएको फैसला बदरभागी छ। |